फुङलिङ नगरपालिका

# स्थानीय राजपत्र

| खण्ड-५ | संख्या-१३ | मितिः२०७८।०५।०६ |
|---|---|---|

भाग-२

फुङलिङ नगरपालिका

**“टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८”**



कार्यपालिका बैठकबाट पारित मिति २०७८।०५।०४

## टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८

**प्रस्तावना:** स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरवाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक,सामाजिक,साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडा कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,फुङलिङ नगरपालिकाको"प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४" को दफा ४ बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

### परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो कार्यविधिको नाम “टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि,२०७८” रहनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “कार्यालय” भन्नाले फुङलिङ नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ख) "टोल विकास संस्था" भन्नाले टोल/ बस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकांश घर धुरीका प्रतिनिधिहरुको उपसस्थितिमा विकास निर्माण, सेवा प्रवाह र समाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई वडा कार्यालयमा सूचीकृत भएको सामुदायिक संस्थालाई सम्झनु पर्छ।

(ग) “पदाधिकारी” भन्नाले संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव, सह सचिव र सदस्यहरु समेतलाई सम्झनु पर्छ।

(घ) “बैठक” भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ।

(ङ) “वडा” भन्नाले नगरपालिकाको वडालाई सम्झनु पर्छ।

(च) “विधान” भन्नाले संस्थाको विधानलाई सम्झनु पर्छ।

(छ) “समिति” भन्नाले संस्थाको कार्यसमितिलाई सम्झनु पर्छ।

(ज) “साधारणसभा” भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनु पर्छ।

(झ) “संस्था” भन्नाले टोल विकास संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद- २
## संस्थाको गठन तथा सूचीकृत सम्बन्धी व्यवस्था

३. **संस्थाको गठन :** (१) नगरपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा बस्तीका वासिन्दाको आमभेलाबाट टोल तथा बस्ती भित्रका घरधुरी समावेश हुने गरी टोल विकास संस्थाको गठन गरिनेछ । यस्तो आम भेला सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्यको रोहबरमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन:-

(क) अध्यक्ष एक जना

(ख) उपाध्यक्ष एक जना

(ग) सचिव एक जना

(घ) सह सचिव एक जना

(ङ) कोषाध्यक्ष एक जना

(च) सदस्यहरु (चार देखि दश जना सम्म)

(३) उपदफा (२) बमोजिम संस्था गठन गर्दा टोल तथा बस्ती भित्रका एक घरधुरीबाट एकजना भन्दा बढी नपर्ने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा वडा कार्यालयले तोकेको चार किल्ला भित्रका नागरिकहरुको आमभेलाबाट सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन हुनेछ ।

तर, यस दफा बमोजिम आमभेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट कार्य समिति गठन गर्न बाधा पर्ने छैन।

(४) कार्य समितिको कार्यकाल गठन भएको मितिले दुई वर्षको हुनेछ ।

(५) उपदफा (४) बमोजिम कार्यसमितिको कार्यकाल समाप्त भएपछि साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्यसमितिको पुनर्गठन हुनेछ ।

(६) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सहसचिवको पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन ।

(७) कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।



(८) संस्था गठन गर्दा सकेसम्म टोलका सम्पुर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्नेछ ।

(९) उपदफा ८ बमोजिम सवै घरधुरी समावेश हुन सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्नुपर्नेछ ।

(१०) यस कार्यविधि बमोजिम गठन गरिने संस्थाको कार्यसमितिमा कम्तीमा ५० प्रतिशत महिला सदस्य हुनु पर्नेछ ।

(११) संस्थाको कार्यक्षेत्र साधारण सभाले तोकेको चारकिल्ला भित्र हुनेछ । साधारण सभाले टोल तथा बस्ती भित्रका कुनै घरधुरी संस्थामा समावेश गरेको नपाइएमा वा कुनै घरधुरी वा बस्ती उक्त संस्थामा समावेश गर्नु पर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा बस्ती सम्बन्धित संस्थामा समावेश गर्न लगाउनेछ ।

(१२) उपदफा (२) बमोजिम हुने संस्थाका पदाधिकारीहरमा वहालवाल जनप्रतिनिधि, शिक्षक तथा जंगी एवं निजामति सेवाका कर्मचारीहरु रहन सक्नै छैनन् ।

(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका बढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ । एउटा घरधुरी एक भन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन।

४. **कार्य समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्था:** (१) दफा ३ बमोजिम गठन भएको कार्य समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ ।

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको बैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्षलाई राजीनामा दिएमा ।

(ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा ।

(ग) मृत्यु भएमा ।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा कार्य समितिको बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ । अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले बाँकी अवधिको लागि समितिका सदस्यहरु मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ ।

५. **संस्था दर्ता र नवीकरण सम्वन्धी व्यवस्था** : (१) संस्थाको सूचीकृत देहाय बमोजिम हुनेछ : -

(क)संस्थाको आमभेलाले निर्णय गरी संस्थाको विधान सहित अनुसूची-१ बमोजिमको ढाँचामा सोही निवेदनमा उल्लिखित कागजातहरु समावेश गरी संस्था सूचीकरणका लागि वडा कार्यालयमा निवेदन दिनु पर्नेछ। विधानको नमुना अनुसूची-४ मा उल्लेख गरिएको छ।

(ख) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले संस्थाको चारकिल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी अनुसूची-२ बमोजिमको ढाँचामा संस्था सूचीकृत गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ।

(ग) दफा (क) बमोजिम प्राप्त निवेदन बमोजिम सूचीकृतको लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा बस्ती छुटेको पाइएमा त्यसरी छुटेको घरधुरी वा बस्ती समेत समावेश गरी सूचीकरणको लागि पुन पेश गर्न निर्देशन दिन सक्नेछ।

(घ) वडा कार्यालयले यस दफा बमोजिम संस्था सूचीकृत गरेको विवरण मासिक रुपमा नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

(२) संस्था दर्ता तथा नवीकरण देहाय बमोजिम हुनेछः

(क) सम्वन्धित वडा कार्यालयमा सूचिकृत भएका संस्थाको सूचिकृत भएको प्रमाण पत्र सहित कार्यालयमा संस्था दर्ताको लागि अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(ख) कार्यालयमा माथी खण्ड 'क' बमोजिम दर्ताको लागि निवेदन प्राप्त भएमा तोकिएको दस्तुर लिई संस्था दर्ता गरी अनुसूची-५ को ढाँचामा दर्ता प्रमाण-पत्र दिनु पर्नेछ।

(ग) यसरी दर्ता भएका संस्थाले हरेक वर्षको श्रावण महिना भित्र तोकिएको दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ।

(३) संस्थाको साधारण सभाः संस्थाको साधारण सभा वर्षको एक पटक विधान बमोजिम बस्नेछ।



## परिच्छेद-३

## संस्थाको काम कर्तव्य,अधिकारहरु

६. **टोल विकास संस्थाका कार्यहरु** : (१) टोल विकास संस्थका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने।

(ख) सामुदायिक सद्भाव, सहिष्णुता र भाइचाराको विकास गर्ने।

(ग) टोलमा संचालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने।

(घ) टोलमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने।

(ङ) टोलमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने।

(च) टोलमा विपद् व्यवस्थापन सम्वन्धी खोज,उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने।

(छ) टोलको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने/ गराउने।

(ज) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने।

(झ) सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्‍याउने।

(ञ) कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर, सेवाशुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने।

(ट) टोलमा बसोबास गर्ने गरिव, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने।

(ठ) टोलमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने।

(ड) जन्म, बिबाह, बसाई सराई, सम्वन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोलबासीलाई उत्साहित र सहजीकरण गर्ने।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने।

(ण) विद्युत् चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने।

(त) टोलमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मुल्य सुचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने ।

(थ) उपभोक्ता हक हित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिबृद्धि गर्ने ।

(द) टोलमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने ।

(ध) स्थानीय आर्थिक विकासका संभावनाका बारेमा छलफल गरी स्थानीय तह, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

(न) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि टोल बासीहरुलाई प्रोत्साहित गर्ने ।

(ऩ) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, लैङ्गिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियानहरुमा सहयोग र समन्वय गर्ने ।

(प) टोलमा धनी गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोतमा परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

(फ) घरेलु हिंसा, यौनजन्य हिंसा, मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम, छाउपडी लगायतका सामाजिक अपराध तथा खरावीहरु अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने ।

(ब) टोलमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(भ) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने ।

(म) टोलमा सरकारी निकाय तथा गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

(य) आफ्नो टोललाई वातावरणमैत्री, बाल मैत्री, पोषण मैत्री तथा पूर्ण सरसफाइयुक्त बनाउन कार्यक्रमहरु संचालन गर्ने तथा वडा कार्यालय र नगरपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने ।

(र) वडा कार्यालय, नगरपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।



## परिच्छेद-४
## संस्थाको कार्य समितिको बैठक र पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

७. **संस्थाको कार्य समितिको बैठक :** (१) संस्थाको कार्य समितिको बैठकको सञ्चालन देहाय बमोजिम हुनेछ :-

(क) कार्य समितिको बैठक महिनामा कम्तिमा एक पटक र आवश्कता अनुसार बस्नेछ ।

(ख) समितिको बैठकमा वडा समिति तथा नगरपालिकाका जनप्रतिनिधि, विज्ञ तथा अन्य सरोकारवालहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको वैठक निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

(घ) संस्थाको बैठकको निर्णयहरु वैठकमा उपस्थित पदाधिकारीहरुबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ ।

(२) उदफा (१) बमोजिम बस्ने कार्यसमितिको बैठकको माइन्युट र संस्थाका प्रशासनिक तथा आर्थिक कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरु अध्यक्ष, सचिव र कोषाध्यक्षको जिम्मामा रहनेछन् ।

(३) कार्य समितिको बैठक संस्थाको कार्यालयमा बस्नेछ । संस्थाको कार्यालय स्थापना भई नसकेको अवस्थामा कार्यसमितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले तोक्न सक्नेछ।

८. **संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार:-** संस्थाका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) **अध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(ख) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

(ग) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(घ) छलफल हुँदा सवैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(ङ) संस्थाका निर्णयहरु लागू गर्ने, गराउने ।

(च) संस्थाले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(ज) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) **उपाध्यक्षको काम कर्तव्य र अधिकार:**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

(ख) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने।

(३) **सचिवको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

(ख) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(ग) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) **सह चिवको काम, कर्तव्य र अधिकारः**

(क) सचिवको अनुपस्थितिमा निजले गर्ने भनी तोकिएको कार्यहरु गर्ने ।

(ख) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(५) **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) संस्थाको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने ।

(ख) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(६) **सदस्यहरुको काम,कर्तव्य र अधिकार**

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सकृय रुपमा सहभागी हुने ।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने। समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकताअनुसार समितिको बैठकमा छलफलमा ल्याउने ।

(ग) आवश्कता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने ।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।



## परिच्छेद-५
## आर्थिक व्यवस्थापन

९. **संस्थाको आम्दानी** : (१) संस्थाले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछः

(क) नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम ।

(ख) सरकारी तथा गैर सरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।

(ग) टोल विकास संस्थाले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।

(घ) नगरपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम ।

(ङ) संस्थाका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोगको रकम ।

(च) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) संस्थाको नाममा प्राप्त हुने सबै रकम संस्थाको नाममा रहेको वैंक खातामा जम्मा गर्नु पर्नेछ ।

१०. **संस्थाको खर्चः** संस्थाको खर्च देहाय बमोजिम हुनेछः

(क) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ ।

(ख) संस्थाको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्यसमितिको निर्णय बमोजिम हुनेछ।

११. **संस्थाको लेखा, प्रतिवेदन तथा अन्य व्यवस्था**

(१) संस्थाको खाता वडा कार्यालयको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको बैंक खाता कम्तीमा एक जना महिला हुने गरी संस्थाका अध्यक्ष, उपाध्यक्ष र सचिवमध्ये कुनै दुई जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) कोषाध्यक्षले संस्थाको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको विवरण स्पष्ट रुपमा राख्नुपर्नेछ ।

(४) कोषाध्यक्षले आम्दानी खर्चको हिसाब किताव चौमासिक रुपमा कार्य समितिको बैठकमा पेश गर्नु पर्नेछ।

(५) कार्यसमितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र टोल भेलामा पेश गर्नु पर्नेछ।

(६) संस्थाले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारणसभा, सम्बन्धित वडा कार्यलय र नगरपालिकामा पेश गर्नुपर्नेछ।

(७) नगरपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार संस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

१२. **जिन्सी तथा वस्तुगत सहयोग लिन सक्ने**:

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ।

(२) संस्थाले उपदफा (१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ।

(३) संस्थाले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ।

## परिच्छेद –६
## विविध

१३. **समन्वय समिति**: (१) संस्थाको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्न हरेक वडामा देहायबमोजिमको समन्वय समिति रहनेछ :-

(क) वडाध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरु - सदस्य

(ग) टोलविकास संस्थाका अध्यक्षहरु मध्येबाट संयोजकले तोकेका ३ जना - सदस्य

(घ) वडा सचिव - सदस्य सचिव



(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ। उक्त पदावधि समाप्त भएपछि संयोजकले कार्यकाल नदोहोरिने गरी वडा भित्रका अन्य संस्थाका अध्यक्षहरु मध्येबाट तीन जना मनोनयन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तीमा चौमासिक रुपमा बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले वडा भित्रका सबै संस्थाको काम कारवाहीलाई प्रभावकारी बनाउन कार्य समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले संस्थाको काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ।

१४. **बाधा अडकाउ फुकाउन सक्ने**: यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।

१५. **कार्य समिति भङ्ग गर्न सक्ने**: सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून बिपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो कार्यसमितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले भङ्ग गर्न सक्नेछ। यसरी कार्यसमिति भङ्ग भएको अवस्थामा एक महिना भित्र यसै कार्यवविधि बमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ।

१६. **कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने**: (१) कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम यो कार्यविधि खारेज भएको अवस्थामा यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन भएका संस्थाहरुको सम्पत्ति तथा दायित्व कार्यपालिकाको नाममा हुनेछ।

१७. **बचाउ**: (१) यो कार्यविधि लागु हुनुभन्दा अघि जुनसुकै प्रकृयाबाट दर्ता भई संचालनमा रहेका टोलविकास संस्थाहरु यो कार्यविधि बमोजिम दर्ता हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संचालनमा रहेका टोल विकास संस्थाबाट यस अघि भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

टोल विकास संस्थालाई नगरपालिकामा सूचीकृत गर्ने निवेदनको नमुना

मितिः ......................

श्री सचिवज्यू
वडा समितिको कार्यालय
वडा नं.......
फुङलिङ नगरपालिका

विषयः टोल विकास संस्था सूचीकृत गर्ने सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा यस नगरपालिकाको वडा नं ...... स्थित ................टोलमा गठन गरिएको ............................... टोल विकास संस्थालाई .......................................सूचीकृत गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु। यस .................................. टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ।

<u>संलग्नः</u>

टोल भेलाको उपस्थिति र निर्णय।
कार्य समितिका सदस्यहरुको नाम थर।
कार्य समितिका सदस्यहरुको नगरिकताको प्रतिलिपि।

पूर्व सिमानाः ....................................
पश्चिम सिमानाः ...............................
उत्तर सिमानाः ................................
दक्षिण सिमानाः ...............................
हालका जम्मा घरधुरीः

निवेदक
समितिको तर्फबाट
अध्यक्षको नामः ........................
टोल विकास संस्थाको नामः .............
ठेगानाः ..........................



## अनुसूची-२

फुङलिङ नगरपालिका
...............नं वडा कार्यालय

<u>टोल विकास संस्था सूचीकृत प्रमाण-पत्र</u>

.......................................................................................... ........................... नगरपालिका वडा नं. ...............स्थित .......................................मा गठन भएको .....................................................टोल विकास संस्थालाई यस कार्यालयमा मिति..................मा सूचीकृत गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

यस नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पुर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस टोल विकास संस्थाको सकृय सहभागिताको अपेक्षा गर्दछु।

...............
वडा सचिव

अनुसूची-३

## टोल विकास संस्था दर्ता / नवीकरण निवेदन फाराम

श्रीमान प्रमुख प्रशासकीय अधिकृत
फुङलिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ताप्लेजुङ।

**विषयः टोल विकास संस्था दर्ता / नवीकरण सम्वन्धमा।**

फुङलिङ नगरपालिका वडा नं..............मा गठन भएको श्री ................................टोल विकास संस्था दर्ता/ नविकरण गर्न आवश्यक कागजात सहित दरखास्त पेश गरेका छौं। नियमानुसार लाग्ने कर बुझाउनुको साथै नगरपालिकाबाट समय–समयमा दिइने आदेश/ निर्देशन समेत पालन गर्न मञ्जुर छौं। साथै पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छ।

१. टोल विकास संस्थाको नामः ................................................................

२.टोल विकास संस्थाको स्थायी ठेगाना ............... जिल्ला ................न.पा............. वडा नं. .........

............................
निवेदकको दस्तखत
मितिः ........................

**संलग्न कागजातहरुः**

१. वडामा सूचिकृत भएको प्रमाण पत्रको प्रतिलिपि
२. टोल विकास संस्थाको विधान २ प्रति
३. संस्थाका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि
४. संस्था दर्ता/नविकरण गर्ने कार्य समितिको निर्णय



अनुसूची ४

## टोल विकास संस्थाको विधान

**प्रस्तावना :**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै फुङलिङ नगरपालिकाको सामाजिक तथा आर्थिक व्यवस्थालाई एक अर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागितात्मक योजना तर्जुमा र कार्यान्वयन प्रकृयामा सक्रिय सहभागी भई आफ्नो टोलको विकास गर्ने वातावरण सिर्जना गर्न यो टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ।

**१. प्रारम्भिक** :

**संक्षिप्त नाम र प्रारम्भ**

(क) यो विधान ..................... टोल विकास संस्थाको विधान हुनेछ।
(ख) यो संस्थाको नाम....................... हुनेछ।
(ग) यो विधान .................टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भई नगरपालिकामा दर्ता भएको मितिबाट लागु हुनेछ।
(घ) यस संस्थाको कार्यालय..........................मा रहनेछ।
(ङ) यस संस्थाको कार्यक्षेत्रको सिमाना देहाय बमोजिम हुनेछ।
पूर्व.................................... पश्चिम............................
उत्तर................................. दक्षिण..............................

**२.परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :
१. संस्था भन्नाले ......................... टोल विकास संस्थालाई सम्झनु पर्छ।
२. विधान भन्नाले ...........टोल विकास संस्थाको विधानलाई सम्झनु पर्छ।
३. साधारण सभा भन्नाले ...........संस्थाको साधारण सदस्यहरुको भेला सम्झनु पर्छ।
४. समिति भन्नाले.............. टोल विकास संस्थाको कार्यसमिति सम्झनु पर्छ।
५. बैठक भन्नाले ............ टोल विकास संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ।
६. पदाधिकारी भन्नाले .......... टोल विकास संस्था कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरु जनाउदछ।

**३. संगठित संस्था हुने :**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ। साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।
(ख) संस्थाले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ। तर संस्थाले आफ्नो अचल सम्पत्ति बिक्री गर्न भने पाउने छैन। संस्था विघटन भएमा संस्थाको सम्पूर्ण चल-अचल सम्पत्ति नगरपालिकामा हस्तान्तरण हुनेछ।

**४. संस्थाका उद्देश्यहरु :**
संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ :
(क) टोलस्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।
(ख) टोलका व्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको सञ्चालन गरि गरिबी न्यूनीकरणमा मदत पुऱ्याउने ।
(ग) स्थानीय स्तरको विकास प्रक्रियालाइ दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यकम कार्यान्वयनमा टेवा पुऱ्याउने ।
(घ) संस्थालाई सहभागितात्मक योजना तर्जुमा र अनुगमन तथा मुल्याङकन प्रकियामा सक्रिय सहभागी बनाउने ।

**५. टोल विकास कार्यसमितिको गठन :**
टोल विकास कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ :
(क) नगरपालिकाका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।
(ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूर्नगठन हुनेछ । टोल विकास संस्था कार्य समितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको ब्यक्ति पुनः सोही पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष वा कोषाध्यक्षहरु मध्ये कुनै एक जना अनविार्य रुपमा महिला हुनु पर्नेछ ।
(ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई समेट्नु पर्दछ । यदी सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरुमध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।
**६. संस्थाका कार्यहरु** : टोल विकास संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन्:
१) प्रत्येक टोल स्तरमा सम्भव भए सम्म सवै घरपरिवार सहभागि भएको टोल विकास संस्था गठन गर्ने २) संस्थाका सदस्यहरुलाइ उद्यमशीलता मार्फत अग्रसर गराउन आवश्यक पहल गर्ने तथा सोहि बमोजिमका कार्यहरु सञ्चालन गर्ने ।
३) टोलमा आइपरेका समस्याहरु समाधान गर्न एक अर्कामा भाइचारा सम्वन्ध कायम गरि सभ्य समाजको सिर्जना गर्ने ।
४) उपलब्ध स्रोतको समुचित परचािलन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना वनाउने ।
५) एच.आई.भि. ⁄एड्स, अशिक्षा, अन्धविश्वास, बाल बिवाह, बहु बिवाह जस्ता सामाजिक समस्याको वारेमा सम्पुर्ण टोल विकास संस्थाका सदस्यहरुलाइ चेतना अभिबृद्धि गर्ने ।



६) आफ्नो टोल तथा सार्वजनिक स्थलमा बृक्षारोपण गर्ने ।
७) आफ्नो वडा तथा टोललाइ वातावरणमैत्री तथा वालमैत्री वनाउने विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।
८) टोलमा वसोवास गर्ने वासिन्दाका विचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सरोकारका बिषयमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
९) वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने र नगरपालिकालाइ सो सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।
१०) आफ्नो टोल वस्तीलाइ नमुना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।
११) हरित शहर, उज्यालो शहर, सफा शहर र सम्पन्न तथा सभ्य शहर स्थापना अभियानमा सहयोग गर्ने ।
१२) आफ्नो क्षेत्रमा भवन शंहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।
१३) पुर्ण साक्षर, पुर्ण खोप, पुर्ण घटना दर्ता आदि अभियानमा सहयोग गर्ने ।
१४) टोलमा रहेका सार्वजनिक, पर्ति, ऐलानी आदी जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने ।
१५)संस्थाको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतवाट गर्ने ।
१६) नगरपालिकाको राजश्व परिचालनमा सहयोग गर्ने ।
१७) नगरपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु ।
**७. सदस्यता :**
संस्थामा सदस्यता देहाय बमोजिम हुनेछ :
(क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछन् ।
(ख) सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोके बमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।
**८. सदस्यता नरहने :**
देहायको अवस्थामा सदस्य रहने छैन :
(क) सदस्यको मृत्यु भएमा ।
(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णय उपर चित नबुझेमा साधारणसभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।
(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरि सम्पुर्ण सदस्यलाई जानकारी गराएमा ।
(घ) संस्थालाई हानि नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा ।
(ङ) प्रचलित कानूनबाट निषेधित कार्य गरेमा ।

**९. संस्था गठन एवं कार्य संचालन विधि :**

संस्थाको गठन एवं कार्य संचालन विधि देहाय बमोजिम हुनेछ :

(क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयहरुबाट टोलको क्षेत्र निर्क्योल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने अधिकाशं घरधनीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ ।

(ख) टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक एक जना अध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधुरीहरु सदस्य हुनेछन ।

(ग) संस्थामा कम्तिमा ५० प्रतिशत महिला सदस्य रहने छन् । अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला हुनेछ ।

**१०. संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार** :

संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार**:

१) संस्थाको नियमित रुपमा बैठक बोलाउने,

२) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने,

३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने,

४) छलफल हुँदा सबैको बिचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने,

५) निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।

६) सचिव र कोषाध्यक्षलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउने ।

७) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने,

८) आवश्यक कार्यमा संस्थाको प्रतिनिधिहरु गर्ने वा गराउने ।

९) विषेश बैठकको आवश्यकता परेमा सवै सदस्यको सहमतिमा बैठक वोलाउने ।

**(ग) संस्थाका सचिवको काम, कर्तव्य र अधिकार** :

१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

२) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

३) एकतिहाई सदस्यले बिशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।

४) बैठक पुस्तिकामा उपस्थित गराउने ।

५) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने, ।

६) संस्थाको कृयाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

७) तोकिए बमोजमका अन्य कार्यहरु गर्ने ।

**(घ) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) संस्थाले गरेको आर्थिक कारावारको लेखा परीक्षण गराउने

२) बैंकमा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।

३) अन्य सदस्यहरुसँग समन्वय राखी सहयोग लिने दिने ।



४) संस्थाको नगदी र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**ङ) संस्थाका सदस्यको काम, कर्तव्य र अधिकार** :

१) नगरपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित शर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने,

२) संस्थाको हिसाब किताबहरु जाँच गर्ने,

३) संस्थाका पदाधिकारीहरुबाट गरेका कामको मुल्याङ्कन नियमित रुपमा गर्ने,

४) संस्था सञ्चालनको लागि आवश्यकता अनुसार नीति बनाउन सहयोग गर्ने

५) बैठकमा उपस्थित भइ प्रत्येक छलफलमा भाग लिने ।

**११. साधारण सभाको गठन र कार्य प्रणाली :**

साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ :

१. संस्थाका सम्पुर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ ।

२. साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।

३. साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार** :

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचति देखि पेश भएका बिषयमा सल्लाह दिने,

(ख) लेखापरीक्षक नियुक्ति गर्ने,

(ग) संस्थाको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने,

(घ) कार्यसमितिलाई अधिकार प्रत्यायोजन गर्ने,

(ङ) कार्य समिति सम्वन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

(च) संस्थाको विधान संशोधन गर्ने,

(छ) आवश्यकता अनुसार सल्लाहाकारको मनोनयन गर्ने,

(ज) संस्थाको बार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१३. आर्थिक व्यवस्था :**

(क) संस्थाको आर्थिक स्रोत देहाय बमोजिम हुनेछ :

१) सदस्यताबाट प्राप्त शुल्क ।

२) सरकारी तथा गैर सरकारी संस्थावाट प्राप्त हुने अनुदान ।

३) संस्थाले आफ्नो क्रियाकलाप सम्पादन गर्ने सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।

४) अन्य आम्दानी ।

(ख) प्रत्येक बर्षको असार मसान्तसम्मको लेखा तयार गरी लेखा परिक्षण पश्चात विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

(ग) संस्थाको नाममा प्राप्त वा खरिद चल अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ

**१४. कार्यसमिति तथा पदाधिकारीको राजिनामा :**

(क) समितिका सदस्यहरुले आफ्नो पदबाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

(ख) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजिम हुनेछ ।

**१५. कार्य समितिलाई अविश्वासको प्रस्ताव :**

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६० प्रतिशत सदस्यहरुले विशेष साधारण सभामा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन् । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णय प्रक्रियमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

**१६. विविध :**

(क) संस्थाको बिधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारण सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतले बिधान संसोधन हुनेछ ।

(ख) प्रचलित ऐन, नियमहरुसँग बाझिएको बुँदाहरु हदसम्म स्वतः खारेज हुनेछ ।



**अनुसूची-५**

**फूङलिङ नगरपालिका**

# कार्यपालिकाको कार्यालय

**ताप्लेजुङ**

**१ नं. प्रदेश, नेपाल**

**टोल विकास संस्था दर्ता प्रमाण-पत्र**

मितिः २०........|......|......

**करदाता नं.** ____________

**दर्ता मितिः** ____________

**प्रमाण पत्र नं.** __________

**____________________ जिल्ला _______________________ गाउँपालिका/नगरपालिका वडा नं. ____मा सूचिकृत भएको श्री ________________टोल विकास सस्था गठन भई यस कार्यालयमा दर्ता भएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ ।**

**टोल विकास संस्थाको नामः** _______________________________________________

**टोल विकास संस्थाको ठेगानाः** _______________

**प्रमुख प्रशासकीय अधिकृत**

## नवीकरण सम्बन्धी विवरण

| क्र.स | आर्थिक वर्ष | नविकरण गरेको मिति | कर तथा शुल्क र जरिवाना तिरेको रसिद नं | रसिदको मिति | नविकरण गर्नेको दस्तखत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |

आज्ञाले
बद्री कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत